विदेशी लगानी कर नियमहरू, २०२०

नेपाल राजपत्रमा प्रकाशित मिति
२०२०।५।१७

संशोधन

विदेशी लगानी कर (पहिलो संशोधन) नियमहरु, २०७० २०७०।१।३०

विदेशी लगानी कर ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "विदेशी लगानी कर नियमहरू, २०२०" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "ऐन" भन्नाले विदेशी लगानी कर ऐन, २०१९+ सम्झनु पर्छ।

(ख) "कर" भन्नाले विदेशी लगानी कर सम्झनु पर्छ।

(ग) "करदाता" भन्नाले कर बुझाउनु पर्ने कर्तव्य भएका व्यक्तिलाई सम्झनु पर्छ।

(घ) "अनुसूची" भन्नाले यी नियमहरूको अनुसूची सम्झनु पर्छ।

३. **विवरण दाखिल गर्नेः** ऐनको दफा ४ को उपदफा (१) र (३) बमोजिम विदेशी लगानी विवरण दाखिल गर्दा करदाताले अनुसूची-१ मा तोकिएको ढाँचामा दाखिला गर्नु गराउनु पर्छ। कुनै सालको अनुसूची-१ बमोजिमको ढाँचामा कुनै विदेशी लगानी विवरण कर अड्डामा दाखिल गरी वा गराई सकेको करदाताले सो विवरण बमोजिमको विदेशी लगानीमा कुनै थपघट भएमा बाहेक हरेक साल विवरण दाखिल गर्दा अनुसूची-१ बमोजिमकै विवरण दाखिल नगरी साविकमा दिइएको विवरण कायम गरी रीतपूर्वकको लिखित सूचनासम्म दिनु पर्याप्त हुनेछ।

४. **विदेशी लगानी मूल्याङ्कन र कर निर्धारणः** (१) विदेशी लगानीको मूल्याङ्कन गर्दा करदाताले पेश गरेको बजार भाउ र किराया दर (रेण्टल भ्यालू) बारे आवश्यक परेमा सम्बन्धित मुलुकसँग लेखापढी गरी सकेसम्म उक्त दरभाउ प्रमाणित गराई त्यसको आधारमा कर अधिकृतले त्यस्ता विदेशी लगानीको मूल्याङ्कन अनसूची २ बमोजिम गर्नेछ।

(२) कर अधिकृतले उपनियम (१) बमोजिम कुनै विदेशी लगानीको मूल्याङ्कन गरी सकेपछि सोही मूल्याङ्कन बमोजम विदेशी लगानी करको अङ्क निर्धारण गर्नेछ र विदेशी लगानी कर निर्धारण आदेशमा विदेशी लगानी कर कसरी निर्धारित गरिएको छ, छोटकरीमा त्यसको विवरण दिनेछ।

+ विदेशी लगानी कर ऐन, २०१९ लाई नेपालको संविधान अनुकूल बनाउने केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा खारेज।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

५. **<u>ऐनको दफा ११ बमोजिम दिएको सूचनाको जाँचबुझः</u>** (१) ऐनको दफा ११ बमोजिम कुनै व्यक्तिले कर अधिकृत छेउ सूचना दिएकोमा कर अधिकृतको सूचना बमोजिम सो व्यक्ति आफैं वा निजको वारेस उपस्थित हुन आएमा कर अधिकृतले सनाखत गरी निजसँग रहेको सबुद प्रमाण सबै बुझ्नेछ। निज वा निजको वारिस उपस्थित हुन नआएमा कर अधिकृतले आफ्नो मातहतको कर इन्स्पेक्टरद्वारा बुझ्न लगाउनेछ। यसरी बुझी आएको व्यहोराबाट कारबाई चलाउनु पर्ने भन्ने कर अधिकृतको विचारमा लागेमा निजले आवश्यक कारवाई चलाउनेछ। कारबाई चलाउनलाई पर्याप्त सबुद प्रमाण छैन भन्ने लागेमा छोटकरीमा आफ्नो ठहर व्यक्त गरी त्यस्ता सूचना दिने व्यक्तिको रिकर्ड आफ्नो कार्यालयमा राख्नु पर्छ।

(२) उपनियम (१) बमोजिम प्राप्त हुन आएको सूचना बमोजिमको कुरा साँचो ठहरी सो बमोजिम कर असुल उपर भएमा ऐन बमोजिम पाउने इनाम दिनालाई कर अधिकृतले कर विभागको डाइरेक्टर मार्फत प्रतिवेदन पेश गर्नेछ।

(३) कुनै व्यक्तिले एक पटक सूचनासम्म दिई पछि बोलाएको बखत कर अधिकृतकहाँ उपस्थित हुन आएन वा वारिस पनि पठाएन वा निज वा निजको वारिस उपस्थिति भए तापनि कुनै सबुद प्रमाण पेश गरेन भने सो सूचना पूरा भएको मानिने छैन र त्यस्तो व्यक्ति इनामको हकदार हुने छैन।

६. **<u>विदेशी लगानीको मुल्याङ्कन र विदेशी कर निर्धारण गर्दा विचार राख्नु पर्ने कुराः</u>** कर अधिकृतले ऐनको दफा ७ अन्तर्गत कुनै व्यक्तिको विदेशी लगानीको मूल्याङ्कन र त्यसमा विदेशी लगानी करको निर्धारण गर्दा निम्नलिखित कुराहरूको विचार राख्नु पर्छः-

(क) कर इन्स्पेक्टर वा अरू कसैद्वारा गोप्य प्रतिवेदन परेको भए सो प्रतिवेदन,

(ख) कर इन्स्पेक्टर वा अरू कसैद्वारा प्राप्त त्यस्ता विदेशी लगानीको लगत विवरण वा सरजमीन मुचुल्का, र

(ग) कर अधिकृतले ठानेको अन्य कुनै उचित आधार।

७. **<u>कर डाइरेक्टरले गर्ने कामः</u>** नेपाल बाहिर बसोबास गरेका करदाताले विदेशी लगानीको मूल्याङ्कन गराई कर निर्धारण गराउन चाहेमा कर डाइरेक्टरले कुनै अञ्चलका कर अधिकृतद्वारा मूल्याङ्कन गराउन र विदेशी लगानी करको निर्धारण गराउन सक्नेछ।

८. **<u>अन्य कामः</u>** (१) कर अधिकृतले आफ्नो अञ्चलको सदरमुकाममा काम सकिएपछि आफ्नो सालभरको कार्यक्रम अनुसार अञ्चलका विभिन्न स्थानमा मुकाम गरी विदेशी लगानी करको निर्धारण र कर दाखिल गर्ने आदेश दिनेछ।

(२) कर अधिकृत नभएको इलाकामा बस्ने करदाताले 📖<u>जिल्ला प्रशासन कार्यालय</u> वा माल अड्डामा ऐन वा यी नियमहरू बमोजिमको विवरण दाखिल गर्न सक्नेछ। यस्तो अड्डामा कर सम्बन्धी

📖 पहिलो संशोधनद्वारा संशोधित।

काम गर्ने एक वा एकभन्दा बढी कर्मचारी रहन सक्नेछन्। र निजले कर निर्धारण र असुल गर्ने बाहेक कर सम्बन्धी अरू काम गर्नेछ। निज अञ्चल कर अधिकृतको मातहतमा रहनेछ।

(३) विदेशी लगानी कर तिर्नु पर्ने जस्ता करदाताहरूले तथ्याङ्क सङ्कलन गर्न, सरजमीन वा अन्य आवश्यक कुराहरू जाँचबुझ गरी त्यस्ता करदाताहरूको लगत र अन्य तत्सम्बन्धी समाचार सङ्कलन गर्ने र आफूलाई ठेकिएको फाँटको काममा कर अधिकृतको मातहत रही भई निजले लाए अह्राएको कर असुली सम्बन्धी हरेक प्रकारको काम गर्नु कर इन्स्पेक्टरको कर्तव्य हुनेछ। निजसँग आफ्नो तस्वीर (फोटो) भएको कर डाइरेक्टर अथवा अञ्चलका कर अधिकृतले दस्तखत गरेको परिचयपत्र रहनेछ।

(४) कर कार्यालयमा रहनु पर्ने विदेशी लगानी करको रजिष्टरको ढाँचा कर डाइरेक्टरले सूचित आदेशद्वारा समय समयमा तोकी दिन सक्नेछ। सो आदेशमा उल्लेख भएको सबै किसिमको विभागीय निर्देशनहरूको पालन गरी कर असुली सम्बन्धी जाहेरी सोही आदेशमा तोकिदिए बमोजिम ठीक ठीक समयमा पठाउनु पर्छ। यस्तो जाहेरी पठाउँदा सो जाहेरीमा फाँटको इन्स्पेक्टर समेतको दस्तखत भएको हुनु पर्छ।

९. **<u>दण्ड जरिबानाको रकम असुल गर्ने:</u>** कर अधिकृतले ऐन अन्तर्गत कुनै व्यक्तिलाई दण्ड जरिबाना तोकी पठाएकोमा सो दण्ड जरिबानाको रकम सो व्यक्तिबाट असुल उपर गर्न निजले ३५ दिनको म्याद दिनु पर्छ र सो म्यादभित्र पनि रुपैयाँ दाखिल गरेको निस्सा केही प्राप्त हुन नआएमा कर अधिकृतको सूचना अनुसार माल अड्डाले अथवा नेपाल सरकारले तोकिदिएको अधिकारीले प्रचलित नेपाल कानूनको कार्य प्रणाली बमोजिम त्यस्तो करदाताको जायजात गर्नु पर्ने भए जायजात समेत गरी असुल उपर गरी लिने।

१०. **<u>आदेश जारी गर्न सक्ने:</u>** ऐन वा यी नियमहरू अनुसार अवस्था विचार गरी नेपाल सरकारले विदेशी लगानी कर असुल सम्बन्धी कुनै नयाँ कार्यविधि अपनाई अथवा त्यसलाई स्पष्ट गर्दै नेपाल राजपत्रमा सूचना प्रकाशित गर्न सक्नेछ।

<u>द्रष्टव्य</u>:- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित विदेशी लगानीको विवरण)

श्री कर अधिकृत,

..................कर अड्डा

महाशय,

विदेशी लगानी कर ऐन, २०१९ को दफा ४ र विदेशी लगानी कर नियम ३ बमोजिम मैले / हामीले तपसीलमा लेखिए बमोजिमको विवरण दाखिल गरेको छु / छौं। सो ऐन र नियम बमोजिम विदेशी लगानी कर निर्धारण होस्। मैले / हामीले कर निर्धारण आदेश पाएका मितिले ऐनको म्यादभित्र तोकिएको ठाउँमा बुझाउनु पर्ने करको रकम बुझाउँला।

<u>तपसील</u>

<u>विदेशी लगानीको विवरण</u>

(क) नगदीः-

सि.नं.	लगानीको विवरण		विगत श्रावण १ गते बजार दरले मोल वा बजार दर नखुलेकोमा लगत मोल	सरकारी दरले मोल ने.रु. मा
	ठाउँ	करेन्सीको भाउ र लगानी अङ्क		
१.				
२.				
३.				
४.				

नोटः विगत श्रावण १ गतेका बजार भाउको कुनै प्रमाण पेश हुनु पर्छ।

(ख) घर जग्गा

सि.नं.	लगानीको विवरण			
	ठाउँ	हरेक घरजग्गाको किराया दर (रेण्टल भ्याल्यू)	किराया दर (रेण्टल भ्यालू) अनुसार	सरकारी दरले मोल ने. रु. मा
१.				
२.				

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३.				
४				

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अनुसूची-२

(नियम ४ (१) सँग सम्बन्धित)

कर अधिकृतको नाम ....

करदाताको सूचक सङ्ख्या ....

<u>विदेशी लगानी कर निर्धारण आदेश</u>

विदेशी लगानी कर लाग्ने आर्थिक वर्ष ....

विदेशी लगानी कर निर्धारण गर्ने ऐनको दफा ....

करदाताको नाम र वतन ....

(क):-

विदेशी लगानी	श्रावण १ गते को बजार दर	सो दरले जम्मा अङ्क	त्यसको जम्मा ने.रु.	कैफियत
१.				
२.				
३.				
४.				
जम्मा				

(ख):-

घर जग्गा	किराया दर (रेण्टल भ्यालू)	सो दरले जम्मा अङ्क	त्यसको जम्मा अङ्क	कैफियत

अक्षेरेपि

(क) र (ख) को जम्मा

कुनै अंशियार भए निजहरूको

नाम र वतन

प्रत्येक अंशियारको अंश

कर इन्स्पेक्टरको दस्तखत

मितिः-...........................

विदेशी लगानी कर निर्धारण आदेश मिति

दस्तखत

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कर अधिकृत

अञ्चल कर अधिकृतको नाम

द्रष्टव्यः- १. घर जग्गाको नक्सा र किराया दर (रेण्टल भ्यालू) को प्रमाण नत्थी हुनु पर्छ।

२. धेरै जना अंशियार भए हरेकको नाम र वतन दिनु पर्छ।

३. अंशबण्डा भएको भए त्यसको रजिष्ट्रेशन पासको कागज नत्थी हुनु पर्छ।

माथि लेखिए बमोजिम मेरो (आफ्नो) (यस संस्थाको) विदेशी लगानीको विवरण साँचो छ। झुठ्ठा ठहरे विदेशी लगानी कर ऐन, २०१९ तथा विदेशी लगानी कर नियमहरू, २०२० बमोजिम सहुँला बुझाउँला।

दस्तखत

दस्तखत गर्नेको नाम

करदाताको पूरा नाम

मिति ... ...

ठेगाना ... ...

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय